परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ४१ २०८० जेठ १४ गते आइतवार Sunday 21, MAY 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## जेलबाट छुटेको एकहप्तामै ६१ लाख बराबरको सुनचाँदी चोरी


पक्राउ परेकाहरुलाई सार्वजनिक गर्दै । तस्वीर सौजन्य : जिल्ला प्रहरी कार्यालय मोरंग

विराटनगर । ठूलो मात्रामा सुनचाँदी चोरीमा संलग्न रहेका विराटनगर महानगरपालिका वडा नं. १२ का विवेक विवेक कामत बैखाख २८ गते चोरी मुद्दामा नौ महिना जेल सजाय कटाएर छुटेको एक हप्ता नवित्दै ६१ लख बराबरको सुनचाँदी चारी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरी सोमवार सार्वजनिक गरका छन् ।

कामत सहितकोतीनजनाको समूहले ६१ लाख रुपैया बराबरको सुनचाँदी चोरेका छन् । विराटनगर-३ का जयकिशोर चौधरीको घरमा कोही नभएको मौका छोपेर घरबाट २० तोला सुन र ३६ किलो चांदी चोरेका हुन् । सो चारीमा विराटनगर-१२ बस्ने २१ वर्षीय राजकुमार कामत र २२ वर्षका श्रीकान्त दासको समूहले जेठ ३ गते राति करीब ८ बजेतिर चौधरीको घरबाट सुनचाँदी चोरेको प्रहरीले पत्रकार सम्मेलनमा जानकारी गराएका थिए । चोरीमा संलग्न रहेको आरोपमा पक्राउ परेका दास पनि चोरी डाकासम्बन्धी मुद्दामा २० महिनाको जेल सजाय भुक्तान गरेर २०७९ असोज ३ गते जेलबाट छुटेका थिए ।

प्रहरीको गहिरो अनुसन्धान पछि उनीहरुको संलग्नता पत्ता लगाएर जेठ १० गते बुधवार राति करीव १ बजेट दिराटनगर-१२ कोशी प्रोजेक्ट सडक खण्डबाट तीनैजनालाई पक्राउ गरेको जनाएको थियो । चोरको समूहले चौधरीको घरको ढोकाको ताला फोडेर १५ मिनेटभित्र सुनचाँदीका गरगहना चोरेका थिए । चोरी गरेको सुनचाँदी पनि उनीहरुले सोही घरभित्रै रहेका तीनवटा ब्यागमा हालेर लगेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

एउटै टोलका छिमेकी रहेका उनीहरुले चोरी गर्मअप पहिलेदधि में योजनाबद्ध रूपमा घरको निगरानी गर्दै आएको खुलेको थियो । खाँ ज्वेलर्सका सञ्चालक ज्योतीप्रसाद खां र घरधनी चौधरीले साझेदारीमा ज्वेलर्स चलाइरहेका थिए । ज्वेलर्समा तयार रहेका सुनचाँदी गरगहना भने चौधरीकै घरमा राख्दै आएका थिए ।

चोरीको घटनापछि मोरङ कारागार र बाल सुधार गृहबाट चोरी मुद्दामा कैद भुक्तान गरेर छुटेका व्यक्तिहरुको प्रहरीले सुक्ष्म निगरानी र अनुसन्धान गरेको जनाएको छ । अनुसन्धानले चोरीमा संलग्न तीनैजनाको संलग्नता पत्ता लगाएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक दीपक पोखरेलले जानकारी दिए । उनीहरुले चोरी गरेको गरगहनाहरु मध्ये करीब २० तोला सुन भने सीमावर्ती जोगबनीमा लगेर सात लाख

वांकी अन्तिम पेजमा...

## प्रधानमन्त्रीको भारत भ्रमणमा मोदीसंग भेटवर्ता

विराटनगर । भारत भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने भएका छन् । भ्रमणको दोस्रो दिन प्रचण्डले भारतीय समकक्षीसँग जेठ १८ गते भेटवार्ता गर्नेछन् ।

भारतीय प्रधानमन्त्री मोदीको निमन्त्रणामा प्रचण्ड जेठ १७ गते भारत प्रस्थान गर्ने भएको छ । भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले भारतका राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखडसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ ।

वार्तापछि दुवै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्नेछन् । भारतका प्रधानमन्त्री मोदीले नेपालका प्रधानमन्त्री र उनको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्नेछन् ।

प्रधानमन्त्री प्रचण्डले नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघले संयुक्तरुपमा आयोजना गर्ने नेपाल-भारत व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्नाका साथै दुवै देशका व्यापारीसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ ।

वांकी ५ पेजमा...

## दुई पत्रकार सम्मानित

धनकुटा । प्रेस चौतारी धनकुटाले अग्रज पत्रकारलाई सम्मान र क्रियाशील पत्रकारलाई पुरस्कृत गरेको छ । शनिवार वार्षिक साधारण सभाको अवसर पारेर अग्रज पत्रकार सन्तोष रुचाललाई सम्मान र क्रियाशील पत्रकार सन्तोष सुवेदीलाई पुरस्कृत गरिएको हो ।

सम्मानित रुचाल २२ वर्ष अघिदेखि पत्रकारिता क्षेत्रमा आवद्ध छन् । रेडियो मकालु र नयाँ पत्रिका दैनिकमा कार्यरत रुचाल प्रेस चौतारीका केन्द्रिय सदस्य तथा पूर्व जिल्ला अध्यक्षसमेत हुन् ।

पत्रकार सुवेदीलाई नगद ७ हजार १ सय ११ नगदसहित 'धनकुटा क्रियाशील पत्रकारिता पुरस्कार-२०८०' बाट पुरस्कृत गरिएको हो । संगालोखबर अनलाइनमा कार्यरत सुवेदी विगत चार वर्षदेखि पत्रकारिता पेशामा रहेको चौतारीका धनकुटा अध्यक्ष रविन कटेलले जानकारी दिए ।

प्रेस चौतारीका केन्द्रिय अध्यक्ष गणेश बस्नेत, केन्द्रिय

वांकी ५ पेजमा...

## अबैध धानको विउ विक्री वितरण गर्ने पक्राउ

विराटनगर । अबैध धानको विउ तस्करी गरी विक्री वितरण कार्यमा संलग्न रहेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरको छ ।

जिल्ला मोरङ सुनवर्षी नगरपालिका वडा नं.-९ साहु टोल स्थित बस्ने रबिन कुमार साहको घरमा नक्कली धानको बिउ बनाई भारतिय एक कम्पनी उल्लेखित बोरामा उल्लेखित कम्पनीको नाम भएको स्टिकर टाँसी बिक्रि बितरण गर्दै गरेको भन्ने गोप्य सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट प्रहरी टोली खटी गई खानतलासी गर्ने क्रममा निशा कुमारी सिंहलाई पक्राउ गरिएको थियो ।

सोही खन तलासको क्रममा धानको बिउ ३४ बोरा (१११० के.जी.), झोलामा प्याङ्किङ्ग गरेको तयारी धानको बिउ ५ झोला (३० के.जी.), स्टिकर १७५ पिस, बोरा सिलाउने मेसिन १ थान, प्यारासुट सिलाई धागो ४ थान, मल ५ के.जी., खाली जुटको सोही कम्पनी उल्लेखित बोरा १२३ पिस, थाल १ थान, बाल्टिन १ थान समेत बरामद गरिएको थियो ।

सुनवर्सी-९ डाईनिया स्थित बिजय कुमार साहले संचालन गर्दे आएको मुकेस खाद बिज भण्डारबाट सोही कम्पनी उल्लेखित बोरामा प्याकिङ्ग गरि राखेको धानको बिउ २४ बोरा (६०० के.जी) बरामद गरेको प्रतिवादी सिंहलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय रंगेलीमा ल्याई थप अनुसन्धान कार्य भई रहेको जनाएको छ ।

डिभिजन वन कार्यालय, मोरङको
अत्यन्तै जरुरी सूचना

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## कोशी प्रदेशको...

मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. २ खर्व २१ अर्ब हुने अनुमान छ भने गत आ.व. का संशोधित अनुमान करिव रु. २ खर्व १ अर्व रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको ४.१% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत ४.१% योगदान पुर्याउने अनुमान छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ५.३२% थियो भने यस आ.व.मा संकुचन आई १.९१% कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३०.८% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ। यस आ.व. मा कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ९९७ डलर हुने अनुमान छ।

सुदुरपश्चिम प्रदेश : यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. ३ खर्व ७६ अर्ब हुने अनुमान छ भने गत आ.व. का संशोधित अनुमान करिव रु.३ खर्व ४५ अर्व रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको ७.०% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत ७.०% योगदान पुर्याउने अनुमान छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको बृद्धि दर ४.७८% थियो भने यस आ.व.मा संकुचन आई १.७८% कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३३.४% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.१४ प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ। यस आ.व. मा सुदुरपश्चिम प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १०६३ डलर हुने अनुमान छ।

## जेलबाट...

रुपैयाँमा बिक्री की अभिलापृष्ठजा

'यो घटनामा जेलबाट चोरी मुद्दाको सजाय भुक्तान गरेर छुटेको ६ दिनमै पुन: चोरीमा सनग्नता पाइएको छ चोरेपछि सरसमान लिएर होटलमा गएका छन्, उनीहरूले चोरीका क्रममा घरभित्रकै व्यागहरुमा गरगहना लिएर गएका रहेछन् प्रहरी उपरीक्षक पोखरेलले भने, चोरीका घटना अत्यधिक बढेका कारण प्रहरीलाई पनि निकै कठिन हुँदै आएको थियो, तर हामीले यो घटनामा संलग्न समूहलाई ने प्रकाउ गर्म सफल भएका छौं, प्रहरीले आफ्नोतर्फबाट अनुसन्धानको काम गर्ने भए पनि घरधनीक पनि सचेत हुनुपर्ने देखाएको छ।

लास्थित चौधरीको घरबाट सुनचाँदीका चोरेर उनीहरु दिव्यरत्न होटलमा तीन दिन बसेको र त्यसपछि सुन लिएर भारततिर गएको खुलेको प्रहरीको भनाई छ। रडको प्रयोगबाट घरको तालाचाबी फोरेर उनीहरुले करीव २० लाख मूल्य पर्ने सुनका गरगहना र ४१ लाख मूल्य अनुमान गरिएको चाँदीका गहना चोरेका हुन्। प्रहरीका अनुसार उनीहरुले घरमा चोरी बगर्ने क्रममा मोबाइल, ल्यापटप तथा अन्य इलेक्ट्रोनिक सरसामान भने नचलाउने गरेको पाइएको प्रहरी उपरीक्षक पोखरेलले जानकारी दिएका थिए।

प्रहरीले उनीहरुको साथबाट २ हजार ५ सय भारु र १ हजार ७ सय ३० रुपैयाँ नेरुसहित दुई थान मोबाइलसमेत बरामद गरेको वताए।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।**

# अमेरिकी साम्राज्य विरुद्धमा मेची–महाकाली अभियान




विराटनगर। राष्ट्रिय जनमोर्चा पार्टीले अमेरिकी साम्राज्य विरुद्धमा मेची महाकाली १५ दिने अभियान संचालन गरेका छन्।

अभियानकै क्रममा सोमवार विराटनगर आएका केन्द्रिय सचिव हिमलाल पुरीले नेपाल पत्रकार महासंघ मोरंग शाखाको हलमा पत्रकार सम्मेलनको आयोजना गरी सो कुराको जानकारी गराएका हुन्।

जेठ १ गते देखि शुरु भएको अभियान जेठ १५ गते सकिने छ। सो अवधीमा आमजनतालाई संचेतना जगाउनको लागि पत्रकार सममेल, कोणसभा, अन्तरक्रिया, सांस्कृति कार्यक्रमहरु आयोजना गर्ने भएको छ।

जनमोर्चा पार्टीका आवधारणा

१ नेपानमा दिन प्रति दिन अमेरिकी साम्राज्यवादका विरुद्धको संघर्षलाई अगाडि बढाउन ध्यान दिन नसकिएमा देशको राष्ट्रियता सार्वभौमसत्ता र अखण्डता माथि गम्भीर आघात पुग्ने स्थिति देखा परिरहेको छ। देशको राष्ट्रियताको रक्षाका लागि देशभक्त नेपालीहरुले लामो समयदेखि भारतीय साम्राज्यवाद विरुद्ध संघर्ष गर्दै आउनु परे पनि अमेरिकी साम्राज्यवादका विरुद्ध यसरी संघर्ष गर्नुपरेको थिएन। तर अब नेपालको राष्ट्रियतालाई भारतीय साम्राज्यवादबाट मात्र नभएर अमेरिकी साम्राज्यवादबाट समेत खतरा उत्पन्न भएको छ। त्यसैले अमेरिकी साम्राज्यवादका विरुद्धको संघर्षमा जोड दिनु पर्ने आवश्यकता छ।

२. वर्तमान विश्व परिवेशमा शीतयुद्धको समाप्तिपछि अमेरिकी साम्राज्यवाद हिन्दप्रशान्त क्षेत्रमा भारतलाई सुरक्षा साझेदार बनाएर चीन, उत्तरकोरिया तथा रुसका विरुद्ध मोर्चाबन्दी गर्न हिन्दप्रशान्त सैन्य रणनीति अन्तर्गत काम गरिरहेको छ। अमेरिकाले नेपाललाई आफ्नो आधारक्षेत्र बनाएर चीनका विरुद्ध केन्द्रित हुनका लागि नेपालमा विभिन्न प्रकारले आफ्ना गतिविधि तीव्र पारिरहेको छ। अमेरिकाद्वारा नेपालमा सञ्चालित अन्तराष्ट्रिय गैर सरकारी संस्था, नेपालमा लोभप्रलोभन र अममा पारेर धर्मान्तरणलाई तीव्र पारी इसाइकरणको माध्यमद्वारा संसदद्वारा पारित गरिएको एमसिसी सम्झौता नेपालमा आफ्नो सेना उतान अमेरिकाले गरिरहेको विभिन्न षड्यन्त्र, संविधान निर्माणको क्रममा पहिचानको राजनीति एक मधेस एक प्रदेश जातीय राज्यसहितको संघीयताको एजेन्डालाई नेपालमा लागू गर्न पश्चिमा शक्तिहरूले व्यापकरुपमा गरेको आर्थिक लगानी र पछिल्लो समयमा नेपालको सुक्ष्म व्यवस्थापन गर्न अमेरिकाद्वारा कथित स्वतन्त्र पार्टीको निर्माणबाट पनि अमेरिकाले नेपालमा आफ्नो प्रभुत्व बढाउँदै लगेको छ। अमेरिकाले कथित स्वतन्त्र पार्टी मार्फत नेपालको सरकारमाथि प्रभुत्व कायम गरेर आफ्ना साम्राज्यवादी स्वार्थ लादन खोजिरहेको हुनाले त्यसबाट देशको राष्ट्रियता माथि गम्भीर दुष्परिणाम देखापर्ने खतरा देखिएकोले देशको राष्ट्रियता सार्वभौमसता र. अखण्डताको रक्षाका लागि अमेरिकी साम्राज्यवादका विरुद्ध संघर्षमा जोड दिनुपर्ने आवश्यकता देखिएको छ।

३. अमेरिकी साम्राज्यवादबाट मुलुकको राष्ट्रियता, सार्वभौम सत्ता र अखण्डतामाथि देखिएको खतराका विरुद्ध जनजागरण सञ्चालन गर्ने उद्देश्यले हाम्रो पाटीले जेठ देखि १५ गतेसम्म अमेरिकी साम्राज्यवादका विरुद्ध मेची-महाकाली अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। अभियानको उद्घाटन जेठ १ गते कञ्चनपुरको महेन्द्रनगरमा हुनेछ। अभियानको दौरानमा विभिन्न जिल्लाहरुमा सांस्कृतिक कार्यक्रम कोणसभा विरोधसभा पत्रकार सम्मेलन तथा जनभेटघाटका विविध कार्यक्रम हरु हुनेछन्।

४. राष्ट्रिय जनमोर्चाले नेपालमा अमेरिकी साम्राज्य वादको बढ्दो खतराको गम्भीरतामाथि ध्यान दिदै अमेरिकी साम्राज्यवादका विरुद्ध सञ्चालित मेची-महाकाली अभियानलाई दुई भागमा विभाजित गरी सम्पन्न गर्ने योजना बनाएको छ। त्यस अनुसार दुवै भागहरुका अभियानहरू यही जेठ १ गते महेन्द्रनगर र बाग्लुङमा उद्घाटन गरिने छन् र दुवै अभियानहरुको जेठ १५ गते एकै दिन बुटवल र काठमामा समापन गरिने छन्।

५. उक्त अभियानका कार्यक्रमलाई दुवै चरणमा दुई-दुई टोलीले क्रमश: सम्पन्न गर्ने छन्। महेन्द्रनगरबाट सुरु भएको प्रथम भागको अभियानको पहिलो टोलीको महेन्द्रनगरदेखि सुर्खेतसम्म राष्ट्रिय जनमोर्पाका महासचिव का मनोज भट्टले नेतृत्व गर्नुहुने छ भने तुल्सीपुरदेखि बुटवलसम्मको दोस्रो टोलीको नेतृत्व राष्ट्रिय जनमोर्चाका उपरता का दुर्गा पौडेलले गर्नुहुनेछ। बाग्लुङबाट सुरु भएको दोस्रो भागको पहिलो टोलीको नेतृत्व राष्ट्रिय जनमोर्चाका गुवा नेता कृष्ण अधिकारी र बारादेखि सुरु भएको दोस नेतृत्व राष्ट्रिय जनमोका सचिव का हिमलाल पुरीले गर्नु हुनेछ।

## खेतीयोग्य जमीनमा बस्ती नबसालौं।

- खेतीयोग्य जमीनमा बसोबास नगरौं।नगराऔं ।
- हरियाली वातावरणसहितको नमूना बस्तीको विकास गरौं ।
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं ।
- गाउँबस्तीलाई नमूना बस्तीमा रूपमान्तरण गरौं ।
- समृद्ध नेपालको निर्माण गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## संसदको...

र लोकतान्त्रिक पद्धतिलाई कमजोर बनाउनु हो।

अहिले केही नेताहरूका व्यक्तिगत अपराध र भ्रष्टाचारका काण्डहरूलाई उचालेर लोकतन्त्र भनेकै काण्डैकाण्डको जड हो भनी हल्ला फैलाउने अतिवादीहरू धेरै नै सल्बलाइरहेका छन्। वास्तवमा लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो।

लोकतन्त्र आफ्नै जरा काट्नेहरूलाई पनि बलियो संरक्षण र विश्वासिलो न्याय दिने सामर्थ्य राख्ने सुन्दर व्यवस्था हो। तैपनि, पटकपटक विवादको विषय बनाइएको विधेयकलाई राष्ट्रपति र लोकतन्त्रकै विरुद्धको निसानामा प्रयोग गर्ने प्रयास धेरै कोणबाट भइरहेको देखिन्छ।

यस्तो अवस्थामा राष्ट्रपति संस्थाको गरिमालाई गिर्न नदिएर लोकतन्त्रको रक्षामा लाग्ने हो भने कि त यसमा राष्ट्रिय सहमति आवश्यक हुन्छ कि त व्यक्ति फेरिनासाथ विधेयक निष्क्रिय हुन सक्दैन भन्ने आधार सार्वभौम संसद्ले दिन सक्नुपर्छ। फलस्वरूप वर्तमान राष्ट्रपतिलाई विधेयक प्रमाणीकरण गरेर संसद्को सार्वभौमिकता स्थापित गर्न सहज बाटो प्राप्त हुनेछ।

सडक र मञ्चमा उफ्रिएर राष्ट्रपतिले यो यो गर्नुपर्छ भन्नेहरूले लोकतन्त्रको आधार भत्काउने बाहेक केही गर्दैनन्। संवैधानिक राष्ट्रपतिलाई विवादास्पद मुद्दामा निर्णय गर्न छुट दिने परम्परा बस्यो भने लोकतन्त्रका लागि जीवनपर्यन्त लडेका र यसको मर्मलाई अन्त:स्करणबाटै आत्मसात् गरेका वर्तमान राष्ट्रपति पौडेल त निरंकुश बन्लान् भनेर सोच्न नसकिएला तर कुनै दिन तानाशाहको जन्म लोकतन्त्रकै गर्भबाट नहोला भन्न सकिन्छ र ?

वर्तमान राष्ट्रपतिको लोकतन्त्रप्रतिको निष्ठाले काम गरेको थिएन भने अहिलेसम्म यो विधेयक कि त निष्क्रिय भइसक्थ्यो कि त प्रमाणीकरण भइसक्थ्यो। संसदीय परम्परामा विश्वले मान्दै आएको विधि र पद्धतिप्रति वर्तमान राष्ट्रपति निष्ठावान देखिएरै यी विषयहरू उठाइएको हुनुपर्छ। यस्तो अवस्थामा वर्तमान संसद्ले पनि राष्ट्रपतिलाई विवादमुक्त राख्न विधेयकको जीवन्तताको यथोचित आधार दिनुपर्छ। १२खरीबाट

## सूचना सूचना सूचना

**सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्होरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।**

**सडक डिभिजन, विराटनगर कोशी प्रदेश**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्यास सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# भ्रमणले दुई देशको सम्बन्ध सुदृढ

कुनै पनि देशमा नयाँ प्रधानमन्त्री बनेपछि विदेश भ्रमणमा जाने प्रचल रहको छ। प्रधानमन्त्रीको विदेश भ्रमणले दुई देश बीचको सम्वन्ध अझ प्रगाढ र सुदृढ हुने विश्वास लिएको हुन्छ। प्रधानमन्त्री पुष्प कमल दहाल 'प्रचण्ड' पनि जेठ १७ गते भारत भ्रमणमा जादै छ। चार दिनको भारत भ्रमणको कार्यतालिका शनिवार सार्वजनिक भई सकेको छ। प्रधानमन्त्रीको पद समाहलेको ६ महिना पनि पछि भारत भ्रमणको अवसर मिलेको हो। प्रचण्डको यो भारत भ्रमण चौथो हो। भारत भ्रमणमा जानु अघि आफ्नो देशको वारेमा उठाउने विषय बस्तु र गर्ने केही सम्झौताहरुको गृहकार्य भई सकेको छ। त्यो विषय बस्तुलाई प्रथमिकताका साथ उठाउनु पर्छ।

भारत भ्रमणको क्रममा प्रधानमन्त्री प्रचण्डले उठाउनु पर्ने धेरै विषय बस्तुहरुको फेहरीत छ। ती मध्ये केही प्रमुख एजेण्डाहरु रहका छन्। जस्तै वंगला देशसंग विद्युत व्यापार गर्ने सम्झौता, नेपाल भारतका कम्पनी वीच डिजिटल भुक्तानी, पेट्रोलियम पाईपलाइनको विस्तार, नेपालगञ्जको एकीकृतजाँच चौकी शिलान्यास, दोधारा चाँदनी एकीकृत जाँच चौकी, झापा सिलीगुडी पेट्रोलियम पाईप लाईन विस्तार, सिमा समस्या लगायत दर्जनौ विषयमा दुई देशका प्रधान मन्त्री वीच सम्झौता हुने छन्। त्यसैगरी बधनाह, रानी कटहरी सम्म विस्तार भएको रेलवेको समेत समुद्घाटन हुने भएको छ। भारतसंग उठाउने दर्जनौ विषयहरु छन जसलाई प्रधानमन्त्री प्रचण्डले प्रमुखताका साथ डटेर उठाउनु पर्छ।

नेपालको दुई छिमेकी राष्ट्र भारत र चीन रहको छ। नेपालको लागि दुवै देश वीच अन्तर सम्वन्ध कायम राख्दै भारतसंग वेटी रोटीको समेत सम्वन्ध भएकोले भारतवाट वढी सहयोगको अपेक्षा गरिएको हुन्छ। भारतलाई गाली गरेर सहयोग लिने प्रथालाई व्रेकप गरी मित्रवत व्यवहारले सहयोग लिने परिपाटी बसाल्नु पर्छ। किन भने नेपाल भारतको सम्वन्ध कुटनीतिक मात्र नभएर जनस्तरसंग समेत सम्वन्ध रहको छ। प्रधानमन्त्रीले देशको हित विपरीत कुनै पनि सम्झौता गर्नु हुँदैन। देशको हितमा हुने सम्झौताहरु गरी देशलाई समृद्ध वनाउने र आमनेपली जनताको चाहनालाई सकार पर्नु प्रधानमन्धीको कर्तव्य हो। सोही कुरा भ्रमणको वेला ध्यान राख्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (यो,भा,भी,भू,ध,फा,ढ,भे) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# संसदको सार्वभौमिकता बचाउन राष्ट्रपतिलाई टेक्ने आधार देऊ

भेषराज पोखरेल

नेपालमा संसदीय लोकतन्त्रका लागि लडाइँ शुरु भएको ७० वर्ष नाघिसकेको छ। तर आजपर्यन्त हामी विधिको शासन स्थापित गर्न पूर्ण सफल भइसकेका छैनौँ। लोकतन्त्रमा सार्वभौम संसद्को अधिकार र संवैधानिक राष्ट्रपतिको अधिकार निश्चित मूल्य मान्यतासँग गाँसिएका हुन्छन्। अनि, संवैधानिकरूपमा स्पष्ट तोकिएका हुन्छन्। संविधानमा नलेखिएका कतिपय महत्त्वपूर्ण विषयमा निर्णय गर्नुपर्दा पनि अन्तर्राष्ट्रिय अभ्यास र विगतका नजिरहरूलाई आधार मानेर गहन छलफलसहित निर्णय गरिन्छ। तैपनि संवैधानिक राष्ट्राध्यक्षले स्वविवेकीय निर्णय गर्ने छुट पाउँदैन। राष्ट्रपतिले गरेको कुनै पनि कामको जसअपजस निर्णयकर्ता संसद् र सिफारिसकर्ता सरकारले नै लिनुपर्छ।

भनिन्छ- संसदीय लोकतन्त्रमा राष्ट्राध्यक्षले कुनै गल्ती गर्दैन। किनभने, संविधानले गल्ती गर्ने ठाउँ नै दिएको हुँदैन। हामीकहाँ अहिले त्यहि संसदीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था छ। अघिल्लो राष्ट्रपति विद्यादेवी भण्डारीले संसद्ले दोर्ह्याएर पारित गरेको नागरिकतासम्बन्धी विधेयक रोकेर 'लोकतान्त्रिक गणतन्त्रमा राष्ट्रपतिले गल्ती गर्दैन' भन्ने सर्वव्यापी मूल्य, मान्यतालाई भत्काई दिएपछि उनले रोकेर राखेको विधेयकलाई के गरेर त्यसलाई सच्याउने भन्ने बहस चलेको छ यतिबेला मुलुकमा।

यही सन्दर्भमा संविधानविद् र कानुनविद्हरूसँगको परामर्शका क्रममा 'सार्वभौम संसदले पारित गरेको विधेयक रोक्ने अधिकार राष्ट्रपतिमा हुँदै नभएको अवस्थामा राष्ट्रपतिले स्वविवेकीय अधिकार प्रयोग गर्दा सार्वभौम संसद्को अवहेलना हुने कि नहुने ?' भन्ने जिज्ञासा राखेर वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले बहुलवादमा आधारित संसदीय लोकतान्त्रिक व्यवस्थाको त्यही मर्मलाई उजागर गरेको हुनुपर्छ।

राष्ट्रपति कार्यालयले सार्वजनिक गरेको उनको ११ जिज्ञासामध्ये एउटा जिज्ञासामा राष्ट्रपति पौडेलले संविधानविद्लाई यसरी सोधेका छन् -'शक्तिशालीले जे पनि गर्ने अथोरिटरियन(सर्वसत्तावाद) लाई ७० वर्षसम्म संघर्ष गरेर कसैको 'स्वविवेक' प्रयोग गर्ने व्यवस्था हामीले फालेका होइनौ ?' उनले अर्को जिज्ञासा राख्दै थप प्रश्न यसरी गरेका छन्,'अब आउने कुनै पनि राष्ट्रपतिले संविधानमा व्यवस्थै नभएको 'स्वविवेक' कहिल्यै नगर्ने अवस्था ल्याउन के गर्नुपर्छ ?'

संसदीय लोकतन्त्रप्रति अन्तःस्करणबाटै यति दृढ प्रतिबद्धता भएको राष्ट्र प्रमुख मुलुकले पाउनु लोकतान्त्रिक गणतन्त्रको स्थायित्वका लागि सुखद संकेत हो। परन्तु, निर्वतमान राष्ट्रपति विद्या भण्डारीले संविधानको धारा ११३ को (४) लाई ठाडै अस्वीकार गरेर संसद्बाट दोस्रो पटक पारित भएर आएको विधेयकसमेत रोकेको असंवैधानिक कदमलाई कसरी सच्याउने भन्ने मुख्य चुनौती छ राष्ट्रपति पौडेलका सामु। राष्ट्रपति पौडेलको परामर्श र उनले राखेका जिज्ञासामा असंवैधानिक कदमलाई सच्याएर जनताले चुनेर पठाएका प्रतिनिधिहरूको सार्वभौम थलो संसद्को खोसिएको सार्वभौमिकता कसरी स्थापित गर्ने भन्ने चिन्ता रहेको देखिन्छ। तर, यसका लागि न संसद न त राजनीतिक दलहरूले नै सहयोग गरिरहेका छन्।

राष्ट्रपति पौडेलले भनेका छन्) 'मेरो चिन्ता संसद्बाट दुई, दुई पटक पारित गरेर पठाएको विधेयकलाई राष्ट्रपतिले अस्वीकार गरेपछि त्यो मर्ने र त्यही नजीर बस्ने हो भने संसदीय व्यवस्था के हुने भन्नेमा छ। ७० वर्ष भौंतारिएर, लडेर ल्याएको प्रणालीमाथि देखिएको यो संकटबाट बचाउने आधार के दिनुहुन्छ ?'

नेपालको लोकतान्त्रिक अभ्यासमा पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षाले जनमतको दुरुपयोग गरिँदै आएको र पटकपटक संवैधानिक मूल्यमान्यतामाथि प्रहार गर्दै आएको यथार्थ हाम्रा सामु लुकेको छैन। फलस्वरूप, हामीले सधैँ नै संस्कारविहीन निर्वाचित सरकार भोग्दै आएका छौँ। हाम्रो विगतको छोटो अनुभवलाई केलाउने हो भने सार्वभौम संसद्को असीमित क्षेत्राधिकारलाई पनि राष्ट्रपतिले पटकपटक कुल्चेर संवैधानिक मर्ममा असर पुर्‍याएको पाइन्छ। राष्ट्रपतिलाई नेपथ्यमा बसेर उक्साउने राजनीतिक दल र त्यसको नेतृत्वले तत्काल त भ्रमपूर्ण राहत पायो होला तर देशले यही बिन्दुबाट अस्थिरता को चोट खप्न थाल्यो। यसैको परिणाम विभिन्न रुपमा बेलाबेलामा देखा परिरहेको छ।

वर्तमान राष्ट्रपति सामु नागरिकता विधेयक प्रमाणीकरणका लागि सरकारले आग्रह गरेको छ। तर, यो लिखित नभएर प्रधानमन्त्री पुष्पकमल दाहालको मौखिक आग्रहमात्र भएको समाचार बाहिर आएको छ। यो विधेयक पूर्ववर्ती सरकारकै पालामा संसदीय प्रक्रिया पूरा गरी सभामुखबाट प्रमाणीकरण भएर राष्ट्रपतिकहाँ पुर्‍याएको हो। यो विधेयकका पक्ष र विपक्षमा आम सञ्चार माध्यममा विभिन्न तर्कहरू छरपस्ट भैसकेका छन्। हालको प्रतिपक्षले यसलाई रोक्नुपूर्व राष्ट्रपतिलाई समेत असंवैधानिक भूमिका खेल्न उक्साउनाले यो विधेयक अहिले राष्ट्रपति कार्यालयको दराजमा थन्किन पुग्यो।

यस विधेयकका पक्षधरहरू राष्ट्रपतिबाट छिटो विधेयक प्रमाणीकरण हुनेमा अपेक्षामा देखिन्छन् भने विपक्षीले यसलाई राष्ट्रियता र चुनावी लोकप्रियतासँग जोड्न चाहेको देखिन्छ। यसबीच वर्तमान राष्ट्रपतिबाट गम्भीररूपमा संविधानविद्हरूबाट राय संकलन गर्ने काम भइरहेको पाइन्छ।

यो विधेयक प्रमाणीकरण गर्दा उब्जिने प्रक्रियागत विभिन्न प्रश्नहरू र प्रमाणीकरण नगर्दा उत्पन्न हुने संवैधानिक सङ्कट र संसदीय लोकतन्त्रमाथिको कालो बादलका बारेमा राष्ट्रपति निकै नै संवेदनशील देखिएको परामर्शदाता कानुनविद् बाट त खुल्न आएको छ नै स्वयंउनका प्रश्नहरुको अन्तर्यमा त्यही भाव प्रकट हुन्छ। यसक्रममा राष्ट्रपतिबाट यस विषयमा राखिएका जिज्ञासाहरू ज्यादै व्यावहारिक र मननयोग्य छन्। साथै, संसदीय लोकतन्त्रको सुदृढीकरणका लागि कार्यान्वयन गर्नुपर्ने अनिवार्य सर्तजस्तै छन्।

राष्ट्रपति पौडेलबाट नागरिकता विधेयकबारे संविधान तथा कानुनविद्सँग राखेका जिज्ञासा यस्ता रहेको सार्वजनिक भएको छ।

१. संसदबाट सबै अङ्ग पुगेको, सभामुखले प्रमाणित गरी सकेर बाटोमा रोकिएको विधेयकलाई बाटोमै मर्‍यो भनेर राष्ट्रपतिको मर्जी वा खुसीमा छाडिदिने हो भने संसद्को सार्वभौमीकता कहा पुग्छ ? भोलिपनि यस्तै परम्परा बस्यो भने जनताले चुनेर पठाएको संसदको अर्थ के हुन्छ ? व्यवस्था खलबलिन्छ कि खलबलिँदैन ? व्यवस्था खलबलियो भने राष्ट्र खलबलिन्छ कि खलबलिँदैन ? अब मलाई संविधानको संरक्षक, पालक र राष्ट्रिय एकताको प्रवर्द्धक हुनुको नाताले संसदीय व्यवस्था जोगाउने संवैधानिक आधार चाहियो कि चाहिएन ?

२. शक्तिशालीले जे पनि गर्ने अथोरिरियन ( सर्वसत्तावाद ) लाई ७० वर्षसम्म सङ्घर्ष गरेर कसैको 'स्वविवेक' प्रयोग गर्ने व्यवस्था हामीले फालेका हौँ। अब यो विधेयकलाई अस्वीकृत गरिएको भनिएको छैन, दराजमा थन्किएको मात्र भनिएको छ, यसको चाबी खोल्ने कि नखोल्ने ?

३. सरकारले फेरि यो विधेयकलाई संसद्मा लानुपर्छ भन्ने संविधान तथा कानुनविद्हरुको रायमा थप प्रश्न गर्दै - यो विधेयकको अस्तित्व छैन भन्ने कसरी प्रमाणित गर्ने ? मेरो चिन्ता राष्ट्रपतिले विधेयक अस्वीकार गरेपछि त्यो मर्ने र त्यही नजिर बस्यो भने संसदीय व्यवस्था के हुने भन्नेमा छ। मलाई ७० वर्ष भौंतारिएर ल्याएको प्रणालीमाथि देखिएको यो सङ्कटबाट बचाउने आधार चाहियो ? समाधानपूर्ण राय माग्दै पौडेलले यस्तो जिज्ञासा पनि राखेका रहेछन्।

४. यो सङ्कटको यस्तो समाधान खोजौं अब आउने राष्ट्रपतिले फेरि त्यस्तो कार्य कहिल्यै नगरोस्। अघिल्लाले जे गरे गरे पछिल्लाले जे गर्लान्,गर्लान् भनेर मैले उम्किने हो भने मुलुकमा कस्तो परिणाम आउँछ ?

५. विधेयकसम्बन्धी यो सम्पत्ति संसद्, सरकार वा राष्ट्रपति कसको हो ?

६. संविधानको धारा ११३ को उपधारा ४ मा यसरी प्रक्रिया पूरा भई आएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्नेछ भनी प्रष्ट व्यवस्था भएको अवस्थामा प्रमाणीकरण नगर्दा भविष्यमा पनि राष्ट्रपतिको खुसी र मर्जीमा मनोमानी गर्न पाउने नजिर स्थापित हुने खतरा देखिने कि नदेखिने ?

कुनै बच्चा जन्मिएपछि त्यसको न्वारन भएन भन्दैमा त्यो बच्चा मृत भएको घोषणा गर्न मिल्छ कि मिल्दैन भन्ने जिज्ञासा उत्पन्न भएको छ। संसद्ले दुईपटक पारित गरेको विधेयक राष्ट्रपतिले प्रमाणित नगर्दैमा मृत भयो भन्न कसरी मिल्छ ?

यस अर्थमा विधेयक संसद्मा पेस गर्ने सरकार बाबु हो भने यसलाई अनेक पटक छलफल गरी जायज ठहराएर जन्माउने संसद् आमा हो। त्यसलाई प्रमाणीकरण गर्ने दायित्व भएको राष्ट्रपति त न्वारन गर्ने पुरोहितमात्र हुन्। पुरोहितले न्वारन नगर्दैमा अब विधेयक मृत भयो भन्नु कुनै पनि दृष्टिकोणमा उपयुक्त मान्न सकिँदैन। एघार दिनभित्र न्वारन नगरिएको बच्चाको न्वारन गर्ने विधि धर्मशास्त्रअनुसार अलिक फरक र जटिल हुनसक्छ। किनभने त्यो न्वारन अलिक सहज भएन। त्यही अलिक फरक विधि खोजेको छ अहिलेको विधेयक प्रमाणीकरण प्रक्रियाले। त्यतिमात्र हो तर विधेयक मरेको भन्नु सरासर जनताबाट निर्वाचित संसद्को सार्वभौमिकता लाई अस्वीकार गरेर संसदीय लोकतन्त्रलाई कमजोर र बिस्तारै समाप्त गर्ने रणनीति मात्र हो। विधेयक पेस गर्ने सरकार (सत्तासीन दलहरू) विधेयक चाहियोमात्र भनिरहेका छन्। अर्थात, बच्चाको न्वारन गर्नुपर्यो मात्र भनिरहेको देखिन्छ। उक्त न्वारनका लागि चाहिने सामाग्रीको जोहो गर्ने काममा उनीहरू पुरै उदासीन छन्। उनीहरूले ती समानको व्यवस्था नगर्दासम्म पुरोहितले बच्चाको न्वारन गर्न नसक्ने अवस्थाजस्तै हो राष्ट्रपतिको विधेयक प्रमाणीकरण गर्ने अवस्था। त्यसैले सत्तासीन दलहरू र सरकारले राष्ट्रपतिलाई विधेयक प्रमाणीकरण गर्ने आधार दिनसक्नुपर्छ। विधेयक जन्माउने आमा अर्थात् संसद्मार्फत खोजिनुपर्छ यसको आधार। त्यसका लागि सरकार र सत्तासीन दलहरू यसमा सक्रिय र संवेदनशील हुन जरुरी छ।

संसदीय व्यवस्थाका विशेषता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रलाई विफल पार्ने कतिपयको अभियान छ। यो अभियानमा गणतन्त्रलाई अन्तःस्करणबाटै स्वीकार गर्न नसकेको प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओली र उनको देवत्वकरण गर्ने एमाले नेताहरू, राजावादी राप्रपा र संसदीय व्यवस्थालाई समाप्त पार्ने अभियानमा रहेका अतिवादी कम्युनिस्टहरूको यसमा स्वार्थ मिलेको बुझ्न कठिन छैन। तर 'संसदीय व्यवस्थाको हिमायती हुँ' भन्ने नेपाली कांग्रेसको उदासीनता भने अनौठो छ।

राष्ट्रपतिलाई 'विधेयक प्रमाणीकरण गर' मात्र भनेर उनलाई विवादमा तान्ने प्रयास गर्नु हुँदैन।

हाम्रा राजनीतिक दलहरूको अकर्मण्यताले हिजो राष्ट्रपति पद चरम विवादको घेरामा परेको थियो। यो विधेयकको सक्रियता र निष्क्रियता सिद्ध गर्ने सम्पूर्ण अधिकार राष्ट्रपतिलाई दिनु भनेकै राष्ट्रपतिलाई विवादको घेरामा पार्नु

वांकी अन्तिम पेजमा...

## ब्राउनसुगर सहित दुई पक्राउ



विराटनगर । झापाको भद्रपुर नगरपालिका- ८ स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषध कारोवार भइरहेको छ भन्ने विषेश सुचनाको आधारमा शुक्रवार लागूऔषध नियन्त्रण ब्युरो काठमाण्डौ र जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले पुर्वबाट पश्चिम तर्फ छुट्टाछुट्टै साईकलमा आउदै गरेको भारत दार्जेलिङका २२ बर्षीय शिवु घोष र २६ बर्षीया श्यामली सोरेनलाई शंका लागी चेकजाँच गर्दा उनिहरुको साथबाट १ सय ९४ ग्राम ५ सय ४० मिलिग्राम प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भईरहेको छ ।

## चौतारीको साधारण सभा सम्पन्न

विराटनगर । नेकपा एमाले निकट प्रेस चौतारी नेपाल २०५४ सालमा स्थापन भएपनि मोरंग शाखाले पहिलो पटक वार्षिक साधारण सभा सम्पन्न गरका छन् ।

साधारण सभाकै अवसर पारेर चौतारीले विहीवार यस वर्षको शालिग्राम मन्जु दाहाल पत्रकारीता पुरस्कार २०७९ धनकुटाका पत्रकार रमेश चन्द्र अधिकारीलाई प्रदान गरिएको थियो ।

प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेत, प्रतिनिधिसभा सदस्य तथा नेकपा एमाले मोरङका अध्यक्ष ऋषिकेश पोखरेल लगायतले २१ हजार रुपैयाँ नगदसहित दोसल्ला ओढाएर सम्मान पत्र प्रदान गरेका हुन् ।

साधारणसभाले ८ विराट नगर घोषणापत्र जारी गर्दै नेपाल पत्रकार महांघको सदस्यता शुद्धिकरण र सदस्यता वितरण निष्पक्ष रुपमा गर्न माग गरेको छ । चौतारी मोरङका अध्यक्ष सुदिप यस वर्षको शालिग्राम-मञ्जु दाहाल कोइरालाको अध्यक्षतामा सम्पन्न पत्रकारिता पुरस्कार २०७९ साधारणसभाले श्रमजीवी पत्रकार रमेशचन्द्र हरूको पेशागत सुरक्षा र संरक्षण गर्न सरकारसँग माग गरेको छ ।


हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १

यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।


# राष्ट्रिय जनगणना २०७८ मा कोशी प्रदेशको स्थिति

१. जनसंख्या : राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) कोशी प्रदेशको जनसंख्या ४९,६१,४१२ रहेको छ, जसमध्ये पुरूषको संख्या २४,१७,३२८ ( ४८.७२ प्रतिशत) र महिलाको संख्या २५,४४,०८४ (५१.२८ प्रतिशत) छ । जस अनुसार लैङ्गिक अनुपात ( क्भह च्वतष्य) अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९५.०२ रहेको छ । गत २०६८ सालमा कुल जनसंख्या ४५,३४,९४३ र लैङ्गिक अनुपात ९१.४८ थियो ।

२. अन्य लिङ्गीको जनसंख्या : राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ । कुल अन्य लिङ्गी मध्ये कोशी प्रदेशमा १०.४ प्रतिशत रहेको छ ।

३. वार्षिक जनसंख्या वृद्धिदर : कोशी प्रदेशको जनगणना अवधिको वार्षिक औषत जनसंख्या वृद्धिदर ०.८६ प्रतिशत रहेको छ । कोशी प्रदेशमा सबैभन्दा बढी वार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला झापा (१.९७ प्रतिशत) र सबैभन्दा कम बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला खोटाङ्ग (-१.५६ प्रतिशत) रहेका छन् ।

४. जनघनत्व : जनगणनाको नतिजा अनुसार कोशी प्रदेशको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) १९२ जना प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा १७५ मात्र थियो । सबैभन्दा धेरै जनघनत्व सुनसरी जिल्लामा ७३७ जना प्रति वर्ग किलोमिटर) र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ३२ जना प्रति वर्ग किलोमिटर) रहेको छ ।

५. बृहत उमेर समूह अनुसार जनसंख्या : जनगणना अनुसार कोशी प्रदेशमा कुल जनसंख्याको ६२.८. प्रतिशत जनसंख्या १५ देखि ५९ वर्ष उमेरका रहेका छन् । हाल १४ वर्ष वा सो भन्दा कम उमेरका र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या क्रमश २६० प्रतिशत र ११.२ प्रतिशत रहेको छ ।

६. परिवार संख्या : गत २०६८ सालको जनगणना अनुसार कोशी प्रदेशको परिवार संख्या ९,९२,४४५ रहेकोमा हाल उक्त संख्या करिव २०१ प्रतिशतले बढेर ११,९१,५५६ पुगेको छ । जसमध्ये व्यक्तिगत परिवार १५,९०,७५४ र संस्थागत परिवार ८०१ रहेका छन् ।

७. परिवारको औसत आकार : २०७८ सालमा कोशी प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ४.१६ जना रहेको छ, जुन २०६८ सालमा ४.५७ जना रहेको थियो। कोशी प्रदेशमा परिवारको आकार सुनसरी जिल्लामा सबैभन्दा बढी (४.३६) र इलाम जिल्लामा सबैभन्दा कम (३.९६) रहेको छ ।

८.नगरपालिका तथा गाउँ पालिकाको जनसंख्या : २०७८ सालको जनगणनामा कोशी प्रदेशमा नगरपालिकाहरूको जनसंख्या ६२.४ प्रतिशत रहेको छ भने गाउँपालिकाहरूको जनसंख्या ३७.६ प्रतिशत रहेको छ ।

९. सबैभन्दा धेरै र कम जनसंख्या भएका जिल्ला : प्राप्त नतिजाअनुसार कोशी प्रदेशका १४ जिल्लाहरू मध्ये सबैभन्दा बढी जनसंख्या मोरङ्ग जिल्लामा ११,४८,१५६ जना र सबैभन्दा कम जनसंख्या तेह्रथुम जिल्लामा ८८७३१ जनाको अक्सर बसोवास रहेको छ । झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो र तेस्रो धेरै जनसंख्या भएका जिल्लाहरू हुन् । कम जनसंख्या भएका जिल्लातर्फ सोलुखुम्बु र ताप्लेजुङ्ग क्रमशः दोस्रो र तेस्रो स्थानमा पर्दछन् ।

१०. मुख्य प्रयोग अनुसार घरको संख्या : राष्ट्रिय जनगणना २०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पुर्ण घरहरूको विवरण संकलन गरिएको छ । घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ (बाह्न) प्रकारमा वर्गिकरण गरिएको छ । जनगणनाको नतिजा अनुसार कोशी प्रदेशमा जम्मा १४,५४,९६५ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरूपमा आवासको लागि प्रयोग भएका घर ७१.९ प्रतिशत, गोठ/ धन्सार/ मतान ९.७ प्रतिशत, खाली घर ४.५ प्रतिशत, व्यापार २.४ प्रतिशत, शैक्षिक १.२ प्रतिशत, संस्थागत ०.४ प्रतिशत, होटल तथा लज ०.२ प्रतिशत, उद्योग कलकारखाना ०.४ प्रतिशत, सरकारी ०.३ प्रतिशत, स्वास्थ्यजन्य ०.२ प्रतिशत, बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत र अन्य (जस्तैः भान्सा घर) ८.६ प्रतिशत रहेका छन् ।

११. घर वा आवासीय एकाइको स्वामित्व : कोशी प्रदेशमा परिवारले आवासीय प्रयोग गरिरहेको घरको स्वामित्वमा कुल ११,९०, ७५५ परिवारमध्ये ८९.६ प्रतिशत परिवारहरू आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेका छन् भने ८.७ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको छन् । गत २०६८ सालको जनगणनामा यो मान क्रमशः ८७३ प्रतिशत र ९.७ प्रतिशत रहेको थियो । हालको गणनाअनुसार ०.७ प्रतिशत परिवारहरू संस्थागत एकाइमा र१.० प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोवास गरेका छन् ।

१२. खानेपानीको मुख्य स्रोत : राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कोशी प्रदेशका कुल ११,९०,७५५ परिवार मध्ये ५४.४ प्रतिशत परिवारले मुख्यरुपमा धारा / पाइप (घरपरिसर भित्र र बाहिर समेत) बाट, ४०.० प्रतिशतले ट्युववेल/हाते पम्पबाट ०.४ प्रतिशतले जार / बोतलबाट २.२ प्रतिशतले मूल धाराबाट, ०.८ प्रतिशतले ढाकिएको इनार/ कुवाबाट खानेपानी प्रयोग गर्ने गरेका छन् । खुला इनार/कुवाबाट पानीको प्रयोग गर्ने घरपरिवार १६ प्रतिशत, नदी/खोलाबाट खानेपानी प्रयोग गर्ने परिवारहरू ०.२ प्रतिशत रहेका छन् । राष्ट्रिय जनगणना २०६८ मा कोशी प्रदेशका ९,९१,७५० परिवारमध्ये ४४.० प्रतिशत परिवारले धारा/ पाइपबाट (घरपरिसर भित्र र बाहिर समेत) र ४४१ प्रतिशत परिवारले ट्युववेल/हाते पम्पबाट खानेपानी प्रयोग गरेका थिए ।

१३. खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन : राष्ट्रिय जनगणना २०७५ को नतिजाले कोशी प्रदेशका कुल परिवार मध्ये अधिकांश (५३.४ प्रतिशत) परिवारले खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने गरेका छन्। खाना पकाउन अक्सर एल. पि. ग्याँस, गुँइठा, बायोग्यास, बिजुली, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः ४१.२, ३.४, १३,०५, ००४ र ०.२ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ६७० प्रतिशतले खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने गरेका थिए ।

१४. बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत : कोशी प्रदेश मा गत जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ६५.८ प्रतिशत रहेकोमा हाल ९३.७ प्रतिशत पुगेको छ । बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य ऊर्जा, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ५.०, ०.८ र ०.४ प्रतिशत रहेका छन् । २०६८ सालमा बत्ती बाल्तका लागि अक्सर मट्टितेल, सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः २१.७२ ८.७ र २९ प्रतिशत रहेको थियो ।

१५. शौचालयको सुविधा : राष्ट्रिय जनगणना २०७८ मा कोशी प्रदेशमा गणना गरिएका ११,९०,७५५ व्यक्तिगत परिवार मध्ये ९६.८ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने ३.२ प्रतिशत परिवारहरूसँग अझै पनि शौचालयको पहुँच नभएको पाइएको छ । गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवार ३०३ प्रतिशत थिए ।

१६. परिवारले उपयोग गरेका साधन/सुविधा : राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजा अनुसार कोशी प्रदेशका ३.७ प्रतिशत परिवारहरूमा जनगणनामा सोधिएका कुनै पनि साधन तथा सुविधाहरू उपलब्ध नभएको पाइयो भने ९६.३ प्रतिशत परिवारमा कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ । कोशी प्रदेशमा स्मार्ट मोबाइल फोन हुने परिवारको प्रतिशत ७४ २ प्रतिशत छ भने त्यसपछि साधारण मोबाइल फोन भएका परिवार ७२.६ प्रतिशत रहेको छ । कुल परिवारमध्ये ५५.९ प्रतिशतमा विद्युतीय पंखा, ५४.६ प्रतिशतमा टेलिभिजन, ४०.८ प्रतिशतमा साईकल, ३८.१ प्रतिशतमा इन्टरनेट सुविधा, ३७.२ प्रतिशतमा रेडियो सुविधा, २५.८ प्रतिशतमा रेफ्रिजेरेटर, २४.८ प्रतिशतमा मोटरसाइकल/ स्कुटर, ११८ प्रतिशतमा कम्प्युटर /ल्यापटप, २.५ प्रतिशतमा वासिङ्ग मेशिन, २.२ प्रतिशतमा कार/जीप/भ्यान, ण्छ प्रतिशतमा एयर कन्डिशनर साधन तथा सुविधा उपलब्ध रहेको छ ।

१७. परिवारमा महिलाको नाममा रहेको घरजग्गा : जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा कुल २८.४ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको छ। महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार १४.३ प्रतिशत रहेको छ जुन २०६८ सालको तुलनामा ०.५ प्रतिशत बिन्दुले बढी हो ।

१८. कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारहरुको विवरण : जनगणनाको नतिजा अनुसार कोशी प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र एक जना पनि तलबी कामदार नराखेका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार १,१६,४७९ (९.८४) रहेका छन् । यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये घरेलु उद्योग २८,५४७ ( २४.५%), व्यापार/व्यवसाय ५७,२९२ (४९.२५), यातायात ७,४०३ (६.४१), सेवा ११,६५९ १०.०%) र ११,५७८ ( ९९४) अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने परिवार छन् । उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रूपमा पुरूषले सञ्चालन गरेका ४६.५ प्रतिशत र महिलाले सञ्चालन गरेका ५३.५ प्रतिशत रहेका छन् ।

१९. परिवारमा अनुपस्थित (विदेश गएका व्यक्ति (ब्दकभलतभभ बदचयबम): राष्ट्रिय जनगणना २०७८ का अनुसार कोशी प्रदेशमा जम्मा २,६९,८९२ परिवारबाट ३,४३,०३४ जना (२२.७ प्रतिशत) परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोवास गर्छन् जसमध्ये पुरूष २,८६,६३१ (८३.६ प्रतिशत) र महिला ५६,४०३ (१६.४ प्रतिशत) प्रतिशत) रहेका छन् । २०६८ को जनगणना अनुसार २,७४,५१७ (२७.७ प्रतिशत) परिवारबाट ३,५७६४७ जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेका थिए। जसमध्ये पुरूषको संख्या ८८.८ प्रतिशत र महिलाको संख्या ११.२ प्रतिशत रहेका थिए ।

२० महिला परिवारमूली (ँझबभि जयगकभजयमि जभबम): राष्ट्रिय जनगणना २०७८ मा कोशी प्रदेशमा गणना गरिएका कुल ११,९१,५५६ परिवारमध्ये ३०.९ प्रतिशत परिवारमूली महिला रहेका छन् जुन २०६८ को तुलनामा ४.६ प्रतिशत बिन्दुले बढी हो। राष्ट्रियस्तरमा महिला परिवारमूली रहेका परिवार ३१.६ प्रतिशत रहेका छन् ।

२१. वैवाहिक अवस्था : प्राप्त नतिजा अनुसार कोशी प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३२.३ प्रतिशत व्यक्तिहरू अविवाहित रहेका छन् जसमा पुरुष ३७.२ प्रतिशत र महिला २७.७ प्रतिशत छन् । त्यस्तै १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये ६२.० प्रतिशत हाल विवाहित अवस्थामा र ४.८ प्रतिशत विधवा/विधुर अवस्थामा छन् । हाल विवाहित पुरुष र महिलाहरू उनीहरूको कुल जनसंख्याको क्रमशः ५९.६२६४.२ प्रतिशत रहेका छन् ।

२२. पहिलो विवाह गर्दाको उमेर : राष्ट्रिय जनगणना २०७८ को नतिजाले कोशी प्रदेशका धेरैजसो व्यक्तिहरू ३०.७ प्रतिशत (२५.३ प्रतिशत पुरुष र ३५.१ प्रतिशत महिला) को पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखाएको छ । दोस्रोमा २१ देखि २४ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २४.० प्रतिशत

वांकी ४ पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# नक्कली भुटानी शरणार्थी काण्ड, नेताको अनुसन्धान गर्न माग




विराटनगर । मानव अधिकार तथा शान्ति समाज मोरडले नक्कली भुटानी शरणार्थी काण्डमा प्रमुख दलका शिर्ष नेता माथि अनुसन्धान गर्न माग गर्दै अनुसन्धानको दायरामा नेताहरु लाई निष्पक्ष छानवीन गरी दोषी पाइए कडा कार्वाही गर्ने माग गरेका छन् ।

मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवलाई समाजले ज्ञापनपत्र बुझाउँदै सो माग गरेको हो । सोही अवसरमा समाजले नक्कली भुटानी शरणार्थीका मूल दोषीहरुमाथि कार्वाही सुनिश्चित गर्ने आग्रह समेत गरेका छन् ।

समाजका मोरङ अध्यक्ष प्राडा जीवनकुमार ढकालले मोरङका प्रजिअ यादवमार्फत प्रधानमन्त्री पुष्पकमल दाहालसम्म पुग्ने गरी सो ज्ञापनपत्र बुझाइएका हुन् ।

शरणार्थी प्रकरणमा शीर्ष नेताहरुको नाम जोडिदा पनि अनुसन्धान नभएको अवस्थामा जनगुनासो बढी रहेको सन्दर्भमा शान्ति समाजले प्रशासनलाई सो ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्र बुझाउनु अघि शान्ति समाजले जिल्ला प्रशासन कार्यालय अगाडि कुशासन र दण्डहिनता विरुद्ध धर्नासमेत दिएको थियो । सो धर्नामा माध्यमिक विद्यालय तथा शिक्षालय संघ 'हिसान' का केन्द्रीय उपाध्यक्ष भेषराज पोखरेल, रोटरियन सुदीप रिजाल, व्याब्सनका अशोक लामा, अधिवक्ता धना थापा, युवा नेता रुपेश खतिवडा, साहित्यकार रामबाबु दाहाल लगायत सहभागी थिए ।

सो ज्ञापनपत्रमा भनिएको छ 'नक्कली भुटानी शरणार्थी सन्दर्भमा सरकारी कार्यदल गठनको नियतदेखि चलखेल सम्मका सम्पूर्ण फेरिहस्तहरुको सुक्ष्म अध्ययन अनुसन्धान गरी दोषीहरु प्रमुख दलका शीर्ष नेताहरुसहित जो कोही हुन् कानुनसम्मत कारवाही सुनिश्चित गर्न, सुशासनको प्रत्याभूति , आर्थिक पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न र मानवअधिकार मैत्री ऐन बनाई संत्रमणकालिन न्याय पक्रियालाई टुंगोमा पुर्‍याउन मानवअधिकार तथा शान्ति समाजको तर्फबाट आग्रह गर्दछौं ।'

मानव अधिकार तथा शान्ति समाज मोरडले कुशासनको अन्त्यको लागि गत बैशाख ३१ गतेदेखि दैनिक विभिन्न प्रकारका दबाबमूलक कार्यक्रममा सहभागी हुने एवम् आफै पनि गर्दै आएको अध्यक्ष प्राडा ढकालले बताए ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, कोशी प्रदेश




# आर्थिक वर्ष...

(२९.० प्रतिशत पुरूष १९.९ प्रतिशत महिला छन् । यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू ५.४ प्रतिशत (२.३ प्रतिशत पुरुष र ७९ प्रतिशत महिला) रहेका छन् । दश वर्षमुनीको उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू ०.३ प्रतिशत छन् । समग्रमा कोशी प्रदेशमा पहिलो विवाह गर्दाको औषत उमेर २० वर्ष रहेको छ, जसमा पुरूषको २२ वर्ष र महिलाको १९ वर्ष रहेको छ ।

२३. अपाङ्गता : राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाअनुसार कोशी प्रदेशको कुल जनसंख्याको २.४ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । अपाङ्गता भएका व्यक्ति मध्ये पुरूष ५३.९ प्रतिशत र महिला ४६.१ प्रतिशत छन् । राष्ट्रियस्तरमा देशको कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै एक वा एक भन्दा बढी प्रकारको अपाङ्गता रहेको छ ।

२४. साक्षरता दर : कोशी प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । पुरुषको साक्षरता दर ८६.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ७३.६ प्रतिशत रहेको छ । नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत, पुरूषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ ।

२५. उत्तीर्ण गरेको शैक्षिक तह : राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा कुल साक्षर जनसंख्याको सबै भन्दा बढी अर्थात २८.२ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन् । दोस्रोमा निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २०.१ प्रतिशत रहेका छन् । एस.एल.सि. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू कुल साक्षर जनसंख्याको ११.३ प्रतिशत छन् । यसैगरी एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १६.७ प्रतिशत रहेका छन् ।

२६. जन्मस्थानको आधारमा जनसंख्या : राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा जन्मस्थान र हालको बसोबास एउटै गाउँपालिका वा नगरपालिका भएका व्यक्तिहरू ६७० प्रतिशत रहेका छन् । सो अवस्था हुने पुरुष ७५.८ प्रतिशत र महिला ५८.६ प्रतिशत रहेका छन् । कुल जनसंख्याको ९० प्रतिशत व्यक्तिहरूको जन्मस्थान सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिका, २१.१ प्रतिशत जनसंख्याको अर्को जिल्ला र २९ प्रतिशतको जन्मस्थान विदेश रहेको छ ।

२७. पछिल्लो पटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या : जनगणना अनुसार कोशी प्रदेशमा हाल अक्सर बसोबास गरिरहेको गाउँपालिका वा नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै पनि बसोबास नगरेका व्यक्तिहरू ६५.७ प्रतिशत छन् । त्यसप्रकारको अवस्था हुने पुरुष ७४.० प्रतिशत र महिला ५७.८ प्रतिशत रहेका छन् । कुल जनसंख्याको १०९ प्रतिशत व्यक्तिहरूको यस अघिको बसोबास सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिकामा १९.८ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र ३.७ प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ ।

२८. पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा जनसंख्या : जनगणना अनुसार कोशी प्रदेशमा पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा हेर्दा बसाईं सरेका कुल १७,०१,२६१ जना मध्ये सबैभन्दा बढी ३२.६ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाई सरेको अवधि १०-२४ वर्ष रहेको छ भने सबैभन्दा कम ४२ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाईं सरेको अवधि ५० वर्षभन्दा बढी रहेको छ । पछिल्लो पटक बसाइँ सरेको अवधि १ वर्ष भन्दा कम हुने व्यक्तिहरू ३१ प्रतिशत रहेका छन् । यसैगरी लैङ्गिक हिसावले सबैभन्दा बढी ३०.१ प्रतिशत पुरूषहरू र ३४.० प्रतिशत महिलाहरूको पछिल्लो पटक बसाई सरेको अवधि १०-२४ वर्ष रहेको छ ।

२९. हाल बसाइँ सर्नुको कारण (च्भबकयलक ायच अगचचभलत ५ष्नचबतष्यल): जनगणना अनुसार कोशी प्रदेशमा यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा आउनुको मुख्य कारणमा सबैभन्दा बढी ३५.४ प्रतिशत विवाह रहेको छ । हाल बसोबास गरेको स्थानमा आउनुका अन्य कारणहरू काम रोजगारी १३.९ प्रतिशत, व्यापार/व्यवसाय २.८ प्रतिशत अध्ययन/तालिम ५.४ प्रतिशत, आश्रित २१.६ प्रतिशत, प्राकृतिक प्रकोप ०.६ प्रतिशत, कृषि ७.५ प्रतिशत, घर फर्किएको ५.१ प्रतिशत र अन्य ७४ प्रतिशत रहेका छन्। बसाइँसराइ गरी आएका पुरुषमध्ये सबैभन्दा बढी २६.७ प्रतिशत काम/रोजगारीको कारण र महिलामध्ये ५५.३ प्रतिशत विवाहका कारण रहेका छन् ।

३०. महिलाको प्रजनन् अवस्था : राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा १५-४९ वर्षका विवाहित महिला ( १०,३४,६८४ जना) मध्ये ११.५ प्रतिशतले गणनाको समयसम्म कुनै पनि जीवित बच्चा जन्माएका छैनन् भने २ जना जीवित बच्चा जन्माएका महिलाको संख्या सबैभन्दा बढी ३५.४ प्रतिशत रहेको छ । गणनाको समयसम्म १ जना जीवित बच्चा जन्माउने विवाहित महिला २७१ प्रतिशत रहेका छन् भने ७ वा सो भन्दा बढी जीवित बच्चा जन्माउने महिला ०.६ प्रतिशत रहेको छ । १५-४९ वर्षका कुल १०,३४,६८४ जना विवाहित महिलाले हालसम्म १९,९३,४२० जना बच्चा जन्माएका छन्। जसमध्ये छोरा ५१.९ प्रतिशत र छोरी ४८.१ प्रतिशत रहेको छ। कुल जीवित जन्मेका बच्चाहरूमध्ये २.८ प्रतिशतको मृत्यु भएको थियो। मृत्यु भएका बच्चाहरूमध्ये छोरा ५९.७ प्रतिशत र छोरी ४०.३ प्रतिशत रहेका थिए ।

३१. महिलाको हालको प्रजनन् अवस्था : राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणनाको दिनदेखि १२ महिना अधिको समयमा कुल ६४,१९० जना बच्चाको जन्म भएको थियो जसमध्ये ३३,०५७ जना अर्थात ५१.५ प्रतिशत छोरा र ३१,१३३ अर्थात् ४८.५ प्रतिशत छोरीको जन्म भएको थियो। १ वर्षको अवधिमा जन्मेका बच्चाहरूमध्ये सबैभन्दा धेरै ३३.६ प्रतिशत बच्चाको जन्म २०-२४ वर्षका महिलाबाट भएको थियो ।

३२. बालबालिकाको बसाइँको अवस्था : कोशी प्रदेशमा अठार वर्ष भन्दा कम उमेरका १५,७४,०३९ बालबालिकामध्ये सबैभन्दा बढी ७७.२ प्रतिशत बालबालिकाहरू आमाबाबु दुवैसँग बस्ने गरेका छन् । आमासँग मात्र बस्ने बालबालिका १६.६ प्रतिशत, बाबुसंग मात्र बस्ने बालबालिका १.६ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३.६ प्रतिशत रहेका छन् ।

३३. आर्थिक काम गरेको अवधि : राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा १० वर्ष वा बढी उमेरका ४१,२७०९४ जना व्यक्तिहरू मध्ये २८,३४,०८८ जनाले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ४७.४ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २१.२ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ३१.३ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन् ।

३४. आर्थिक रुपले सक्रिय जनसंख्या : कोशी प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका ४१,२७,०९४ जना व्यक्तिहरू मध्ये २९,३२,२०९ जना (७१.० प्रतिशत) आर्थिक रूपले सक्रिय र ११,९१,५०९ जना (२८.९ प्रतिशत) आर्थिक रूपले निष्क्रिय रहेका छन् जबकी आर्थिक रूपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरू ३,३७६ जना रहेका छन् ।

३५. अक्सर आर्थिकरुपले सक्रिय जनसंख्या : १० वर्ष वा सोभन्दा बढी उमेरका २९,३२,२०९ जना आर्थिक रूपले सक्रिय व्यक्तिहरूमध्ये २१,३४,८९१ जना (७२.८ प्रतिशत) अक्सर आर्थिकरूपले सक्रिय र ७९७,३१८ जना (२७२ प्रतिशत) अक्सर आर्थिक रूपले निष्क्रिय रहेका छन् ।

३६. अक्सर रोजगार जनसंख्या : १० वर्ष वा सोभन्दा बढी उमेरका २१,३४,८९१ जना अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिहरू मध्ये २०,२४,००४ जना (९४.८ प्रतिशत) अक्सर रोजगार र १,१०,८८७ जना (५.२ प्रतिशत) अक्सर बेरोजगार रहेका छन् ।

३७. आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या : जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ । कोशी प्रदेशमा आर्थिक काम गरेका कुल जनसंख्या २८,३४,०८८ मध्ये ४९.२ प्रतिशत पुरुष र ५०.८ प्रतिशत महिला रहेका छन् । आर्थिक काम गरेका जनसंख्या मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ५४.५ प्रतिशत रहेका छन् । यसपछि क्रमश: सामान्य वा प्राथमिक पेशाका कामदारहरू २१.० प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ५.३ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ५.३ प्रतिशत, व्यवस्थापकहरू ४.९ प्रतिशत, पेशाविद् ३.२ प्रतिशत, यन्त्र प्रचालक तथा जडान गर्ने कामदारहरू २.८ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू १.५ प्रतिशत, कार्यालय सहायकहरू १० प्रतिशत र सशस्त्र सैनिक अधिकारीहरू ०.४ प्रतिशत रहेका छन् ।

३८. आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या : जनगणना को नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ । कोशी प्रदेशमा आर्थिक काममा संलग्न २८,३४,०८८ मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत रहेका छन् । यसपछि क्रमश: थोक एवं खुद्रा व्यापारमा ११.१ प्रतिशत, निर्माणमा ७० प्रतिशत, औद्योगिक उत्पादनमा ४.१ प्रतिशत र अन्य सेवामा २.८ प्रतिशत जनसंख्या संलग्न रहेका छन् ।

३९. आर्थिक काममा संलग्नता को प्रकार अनुसारको विवरण : राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरू कुल २८,३४,०८८ जना रहेका छन् । जसमध्ये सबैभन्दा बढी आफ्नै काम गर्ने ५६.१ प्रतिशत, अरूको काम गर्ने २७.१ प्रतिशत, परिवारमा सघाउने मात्र १५.५ प्रतिशत, रोजगारदाता १.२ प्रतिशत र उल्लेख नभएको ०.१ प्रतिशत रहेका छन् ।

४०. आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण : राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरूको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी घरायसी क्षेत्रमा काम गर्ने ६७.८ प्रतिशत, गैर वित्तीय संस्थामा काम गर्ने २७.७ प्रतिशत, सरकारी क्षेत्रमा काम गर्ने ३.४ प्रतिशत, वित्तीय संस्थामा काम गर्ने ०.९ प्रतिशत, नाफा नकमाउने संस्थामा काम गर्ने ०.३ प्रतिशत रहेका छन् ।

४१. आर्थिक काम नगर्नुको कारण : कोशी प्रदेशमा दश वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिहरू मध्ये सबैभन्दा धेरै ४५.७ प्रतिशतले विद्यार्थी भएका कारणले आर्थिक काम नगरेको देखिन्छ । त्यसपछि अन्य कारणहरूमा क्रमश: घरधन्दा २०.९ प्रतिशत, बृद्ध अवस्था १२.७ प्रतिशत, पारिवारिक हेरचाह ७.२ प्रतिशत, अशक्त/बिरामी ३.९ प्रतिशत, पेन्सन/आयस्ता १.९ प्रतिशत, सामाजिक कार्य/स्वयंसेवा ०.३ प्रतिशत र अन्यमा ७.३ प्रतिशत रहेको छ ।

४२. बालबालिकाको जन्म दर्ता सम्बन्धी अवस्था : राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ४,७२,६२५ जना बालबालिका मध्ये ७०.८ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २९.२ प्रतिशतको जन्मदर्ता नगरेको देखिन्छ । जन्म दर्ता गरेको संख्यामध्ये बालकको संख्या बालिकाको संख्याभन्दा ०.९ प्रतिशत बिन्दुले बढी रहेको छ ।



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# दश जना पत्रकार सम्मानित



विराटनगर। हाम्रोमत दैनिकका सम्पादक अर्जुनकुमार आचार्यसहित दश जना पत्रकार सम्मानित भएका छन्।

प्रेस सेन्टरको १९ औं केन्द्रीय साधारण सभा तथा २१ औं कृष्ण सेन इच्छुक स्मृति दिवसको अवसरमा सबै प्रदेशबाट एक-एक जना क्रियाशील पत्रकारलाई सम्मान गरिएको हो।

कोशी प्रदेशबाट आचार्य, मधेश प्रदेशबाट आशिष विक, बागमती प्रदेशबाट संगीता डेम्जोङ, गण्डकीबाट सविना प्रजा, लुम्बिनीबाट कमल रायमाझी, कर्णालीबाट पंखबहादुर शाही, सुदूरपश्चिमबाट तेजराज भट्ट सम्मानित भएका छन्।

उपत्यका प्रदेशबाट विक्रम रत्न, प्रतिष्ठानबाट नरेश ज्ञवाली, एशोसियटबाट विजय आवाज सुवेदीलाई सम्मान गरिएको छ। उनीहरुलाई जनही ५ हजार रुपैयाँ नगद र प्रमाणपत्र प्रदान गरियो।

सर्वोत्कृष्ट प्रदेशको रुपमा उपत्यका प्रदेश समिति तथा जिल्लाहरुमा सुनसरी, मकवानपुर र बाँकेलाई सम्मानपत्रसहित सम्मान गरिएको छ। पुरस्कार छनोट समितिमा वरिष्ठ उपाध्यक्ष कमल गिरी संयोजकत्व तथा सदस्यहरुमा लेखनाथ न्यौपाने र गंगा बराल रहेका थिए।

मेची(महाकाली साइकल यात्रा गरेकी प्रेस सेन्टरकी केन्द्रीय सदस्य रिता बुढाथोकीलाई कदरपत्र प्रदान गरिएको छ।

जनयुद्धकालमा शंखरापुर क्षेत्रबाट शहादत प्राप्त गरेका किरण दंगाल र वेपत्ता पारिएका किरण दंगाल, देवराज दंगाल, आइत तामाङको परिवारलाई पनि सम्मान गरिएको छ।

## प्रधानमन्त्रीको...

प्रधानमन्त्री प्रचण्डले भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले आयोजना गर्ने स्वागत समारोहमा सहभागी भई भारतमा रहेका नेपाली समुदायसँग पनि कुराकानी गर्नेछन्। उनले जेठ २० गते काठमाडौं फर्कनुअघि मध्यप्रदेशको उज्जैन र इन्दोरको पनि भ्रमण गर्ने कार्यक्रम छ।

प्रधानमन्त्रीका रुपमा दाहालको यो चौथो भारत भ्रमण हो। यस भ्रमणले नेपाल र भारतबीचको सदियौं पुरानो, बहुआयामिक र सौहार्द्रपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने अपेक्षा गरिएको छ।

प्रचण्ड जेठ २० गते स्वदेश फर्किने कार्यतालिका रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

## दुई...

उपाध्यक्ष गणेश पाण्डे, प्रदेश इन्चार्ज विक्रम लुइटेल, सहइन्चार्ज देवेन्द्र कार्की, केन्द्रिय सदस्य सन्तोष काफ्ले, प्रदेश अध्यक्ष अविजाल विष्ट, जिल्ला अध्यक्ष कटेल लगायतले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरी रुचाललाई सम्मान र सुवेदीलाई पुरस्कृत गरेका थिए।





## सार्वजनिक सूचना

*आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरू) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।*

*कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, कोशी प्रदेश*


# कोशी प्रदेशको प्रतिव्यक्ति उत्पादन १२९९ डलर हुने अनुमान

विराटनगर। आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको प्रतिव्यक्ति उत्पादन १२९९ डलर हुने अनुमान गरिएको छ।

प्रदेशिक राष्ट्रिय लेखा अनुमान आर्थिक वर्ष २०७९/८० को प्रादेशिक राष्ट्रिय लेखा अनुमान सार्वजनिक कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालयलका तथ्यांक अधिकृत अवधेश कुमार शुक्लाले सो आनुमानको तथ्यांक सार्वजनिक गरेको हो।

त्यसैगरी कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. ८ खर्व ४९ अर्व हुने अनुमान छ भने गत आ.व.को संशोधित अनुमान करिव रु. ७ खर्व ८० अर्व रहेको छ। कोशी प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १५.८ % योगदान पुर्याउने अनुमान छ।

गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ५.४७ % थियो भने यस आ.व.मा संकुचन आई २.0% मात्र कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३३.२ % कृषि क्षेत्रको (यहाँ कृषि क्षेत्र भन्नाले कृषि, वन तथा मत्स्यपालन समेतलाई जनाउँछ) रहनेछ भने सबैभन्दा कम योगदान ०.३ ८ प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने तथ्यांक सार्वजनिक गरेका थिए।

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन लगायत समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू सार्वजनिक गर्दै आएको छ। सो कार्यक्रमा सातवटै प्रदेशको तथ्यांक सार्वजनिक गरका थिए।

सो कार्यक्रम कोशी प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष डिल्लीराम उप्रेतीको प्रमुख आतिथ्य र राष्ट्रिय तथ्यांक कार्यालयको उप प्रमुख डा. हेमराज रेग्मीको अध्यक्षतामा सम्पन्न भएको थियो।

आर्थिक वर्ष २०७९-०८० को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन सम्बन्धी विषेश जानकारी

१. परिचय :

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन लगायत समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू सार्वजनिक गर्दै आएको छ।

देशको शासन प्रणालीमा भएको परिवर्तन पश्चात् प्रादेशिक तहमा भएको आर्थिक गतिविधिको मापन गर्न र प्रदेशहरूमा देखिएका सामाजिक तथा आर्थिक विभेद हरूलाई न्यून गर्न आवश्यक नीति निर्माण गर्न र विकासका गतिविधि लाई प्रभावकारी बनाउन प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादन अत्यावश्यक हुन्छ। कार्यालयले समष्टिगत आर्थिक सूचकहरूमध्येको महत्वपूर्ण सूचक प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्ने कार्य आ.व. २०७५-७६ देखि शुरु गरेको थियो। यसरी अनुमान गर्ने सिलशिलामा कार्यालयले विश्वमा प्रचलित एक विधि (त्यउ-मयधल बउउचयबअज) मा आधारित भएर उपलब्ध तथ्याङ्कको उच्चतम उपयोग गरेको छ। यस विधि अनुसार राष्ट्रिय तहमा अनुमान गरिएको आर्थिक क्रियाकलापहरूका वर्गीकरण अनुसारका प्रत्येक क्षेत्रको कुल मूल्य अभिवृद्धिका अनुमानहरूलाई उपयुक्त सूचकको आधारमा प्रदेश तहमा विभाजन गरिन्छ। यसरी गरिएको बांडफाँडको विश्वसनीयता प्रदेश तहका उपलब्ध सूचकहरूमा भर पर्दछ। राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन System of National Accounts 2008 मा आधारित भएर अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरणको संस्करण ल्क्ष्क्ष् चभख द्ध अनुसार तयार गरिएको छ र सोहि अनुसारका वर्गीकृत २१ आर्थिक क्रियाकलापहरुलाई १८ क्रियाकलापहरुमा समावेश गरी प्रदेशस्तरका अनुमानहरू तयार गरिएको छ। राष्ट्रिय लेखाका स्थिर मुल्यका अनुमानहरु आ.व. २०६७-२०६८ को मूल्यमा आधारित भएर तयार गरिएको छ।

चालु आ.व. २०७९-८० को अघिल्ला छ देखि नौ महिनासम्मका उपलब्ध आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरू एवम् बाँकी अवधिको अवस्था सामान्य रहने अपेक्षा गरी यस आ.व.को वस्तु तथा सेवाको उत्पादनको प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आ.व. २०७८-७९ को संशोधित अनुमान र आ.व. २०७७-७८ को अन्तिम अनुमान समेत तयार गरी प्रकाशित गरिएको छ। यस कार्यालयको राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन नीति बमोजिम चालु आर्थिक बर्ष र आ.व. २०७८-७९ का अनुमानहरूलाई क्रमश: परिमार्जन सहित प्रकाशन गरिदै लगिने छ। हालका दिनहरूमा नेपालमा COVID 19 को प्रभावको अवस्था छैन। तथापी विश्वका अन्य देशहरूमा भएका घटनाले विश्वव्यापीरुपमा आपूर्ति श्रृंखला खलवलीएको तथा पेट्रोलियम पदार्थ लगायतका वस्तुमा भएको मुल्य बृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको छ। यस वर्षको राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनको आर्थिक बृद्धि दरको अनुमान उपभोक्ताको मूल्यमा १.८६ % हुने अनुमान तथा अघिल्लो आ.व. को संशोधित आर्थिक बृद्धि दर ५.६१% भएको विवरण पाहिले नै प्रकाशित गरि सकिएको छ।

यस आ.व. मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. ५३. खर्व ८१ अर्व हुने अनुमान गरिएकोमा सबैभन्दा बढि ३६.८ % योगदान सहित बागमती प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु.१९ खर्व ८१ अर्व हुने अनुमान छ भने सबैभन्दा कम ४.१% को योगदान कर्णाली प्रदेशको उपभोक्ताको मूल्यमा करिव रु. २ खर्व २१ अर्बको हाराहारी हुने अनुमान छ। बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुर्याउने प्रदेशहरूमा क्रमश: कोशी, लुम्बिनी, मधेस, गण्डकी र सुदुरपश्चिम पर्दछन्।

कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर चालु आ.व. मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा १.८६ % अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबै भन्दा बढि ३.३% र बागमती प्रदेशको बृद्धिदर सबैभन्दा कम १.४ % रहने अनुमान गरिएको छ। संशोधित अनुमान अनुसार गत आ.ब.मा गण्डकी प्रदेशको बृद्धिदर सबै भन्दा बढि ६.३५ % देखियो भने मधेश प्रदेशमा सबैभन्दा कम दर ४.६% रहने देखियो।

औद्योगिक वर्गीकरण अनुसारको आर्थिक क्रियाकलापहरूलाई हेर्दा गत आ.व. र यस आ.व.मा. बागमती प्रदेश बाहेक सबै प्रदेशहरूमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी छ भने बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढि देखिन्छ। यसो हुनुमा यस प्रदेशमा बढ्दो शहरीकरण, बढि जनसंख्या, राष्ट्रिय तहका ठुला व्यापारिक कारोवारहरु आदि हुन्। त्यसैगरी राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्र कोशी, मधेश र लुम्बिनी प्रदेशमा दोस्रो हिस्सा मैं कायम रहेको छ भने बागमती प्रदेशमा घरजग्गा सम्बन्धि कारोवार तथा आफ्नै आवास सेवाको हिस्सा दोस्रो छ। यसैगरी गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र रक्षा क्षेत्रको योगदान दोस्रो रहेको देखिन्छ। वाग्मती र मधेश प्रदेश बाहेक सबै प्रदेशहरूको कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक सहयोगी सेवा क्रियाकलापको योगदान सबै भन्दा न्यून देखिन्छ।

कोशी प्रदेश : यस आ.ब.मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. ८ खर्व ४९ अर्ब हुने अनुमान छ भने गत आ.व.को संशोधित अनुमान करिव रु. ७ खर्व ८० अर्व रहेको छ। यस: प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १५.८ ह योगदान पुर्याउने अनुमान छ। यसैगरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ५.४७ थियो भने यस आ.व.मा संकुचन आई २.0% मात्र कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३३.२ % कृषि क्षेत्रको (यहाँ कृषि क्षेत्र भन्नाले कृषि, वन तथा मत्स्यपालन समेतलाई जनाउँछ) रहनेछ भने सबैभन्दा कम योगदान ०.३ ८ प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने छ। यस आ.व. मा कोशी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १२९९ डलर हुने अनुमान छ।

मधेश प्रदेश : यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु.७ सर्व ७ अर्व हुने अनुमान छ भने गत आ.व. को संशोधित अनुमान करिव रु.६ खर्व ५० अर्व रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको १३.१% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत १३.१% योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ४.६३% थियो भने यस आ.व. मा संकुचन आई-१.६९% मात्र कायम रहने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३५.२४ कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२% खानी तथा उत्खनन क्षेत्रको रहेको छ। यस आ.व. मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ८७५ डलर हुने अनुमान छ।

बागमती प्रदेश : यस आ.व.मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. १९ खर्व ८१ अर्ब हुने अनुमान भने गत आ.व. का संशोधित अनुमान करिव रु.१८ खर्व १९ अर्व रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको ३७.९५% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ३६.८६% योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ६.३0% थियो भने यस आ.व.मा संकुचन आई १.४४% कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान २३.६४ व्यापार क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३% पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुन: उत्पादनका क्रियाकलापहरू क्षेत्रको रहेको छ। यस आ.व. मा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन २४५५ डलर हुने अनुमान छ।

गण्डकी प्रदेश : यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. ४ खर्व ८२ अर्ब हुने अनुमान छ भने गत आ.व. का संशोधित अनुमान करिव रु.४ खर्व ३७ अर्व रहेको छ। गत आ.ब.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको ८.९% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व. मा ९.०४ योगदान पुर्याउने अनुमान छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ६.३५% थियो भने यस आ.व.मा संकुचन आई ३.२६% मात्र कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान २५.९४ कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ। यस आ.व. मा गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १४९२ डलर हुने अनुमान छ।

लुम्बिनी प्रदेश : यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिव रु. ७ वर्च ६२ अर्ब हुने अनुमान छ भने गत आ.व. का संशोधित अनुमान करिव रु. ६ खर्व ९७ अर्व रहेको छ। गत आ.ब.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको १४.१% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा १४.२% योगदान पुर्याउने अनुमान छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ५.०३% थियो भने यस आ.व.मा संकुचन आई २.०६% मात्र कायम रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान २९.८४ कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ। यस आ.व. मा लुम्बिनी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ११२६ डलर हुने अनुमान छ।

कर्णाली प्रदेश : यस आ.व.

वांकी अन्तिम पेजमा...